## आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

प्रथम बार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको वैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रथम बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७४/०७/२४ गते बसेको संचालक समितिको ३८औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति: २०७४ मंसिर २३ गते शनिवार तदनुसार २०१७ डिसेम्बर ९

समय: दिनको १० बजे

स्थान: फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, मदानपुर, नुवाकोट

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार प्रथम वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७४।०७।२९ को कारोबार राष्ट्रिय दैनिक र मिति २०७४।०८।०१ को अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गरिएको थियो तथा शेयरधनी महानुभावहरुलाई साधारण सभाको प्रकाशित सूचना सहितको पत्र इमेल मार्फत जानकारी गराइएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई बितरणको प्रबन्ध मिलाईएको थियो ।

४. **छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७३।७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७३।७४ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आर्थिक वर्ष २०७२।७३ तथा २०७३।७४ मा संचालक समितिको निर्णयबाट नियुक्त बाह्य लेखापरीक्षकलाई प्रदान गरिएको पारिश्रमिक तथा अन्य सुविधाहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्वन्धमा ।

५. आर्थिक वर्ष २०७३।७४ मा संचालक समितिका सदस्यहरुलाई प्रदान गरिएको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

आशा

६. संस्थाको विनियमावली २०७२ को दफा २७ को उपदफा ८ बमोजिम गठित संचालक समितिको पदावधि प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि मात्र रहेकोले यस साधारण सभाबाट संस्थापक समूहको ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

७. संचालक समितिको निर्णय बमोजिम संस्थाको कुल जारी पूँजी रु. १०,००,००,०००।- (रु. दश करोड) मध्ये सर्वसाधारण समूहका लागि छुट्याइएको ३० प्रतिशतका दरले हुन आउने रु. ३,००,००,०००।- (रु. तीन करोड) बराबरको को ३,००,००० कित्ता शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव पारित गर्न पेश गर्ने, साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु:**

१) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने सम्बन्धमा ।

२) वित्तीय संस्थाको प्रबन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध:**

५. **उपस्थिति :**

(१) संचालक समितिका सदस्यहरु जम्मा ५ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा ११ जना ।

(३) प्रोक्सी मार्फत उपस्थिति १० जना गरी जम्मा उपस्थिति संख्या २६ जना ।

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री राम बहादुर पाण्डे - अध्यक्ष
२. श्री रामेश्वर सापकोटा - संचालक
३. श्री निर्गुण प्रसाद भट्टचन - संचालक
४. श्री प्रदीप कुमार खड्का - संचालक
५. श्री हेमन्त पौडेल - संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति :**

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री प्रमोद भट्टराई - प्रमुख, योजना तथा वित्त
३. श्री जीवन खनाल - प्रमुख, मानव संशाधन विकास तथा संचालन विभाग
४. श्री रबिन खतिवडा - प्रमुख, कर्जा तथा अनुगमन विभाग
५. श्री विपेन्द्र खनाल - प्रमुख, सामान्य सेवा विभाग

आशा

५.३ नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको

| विवरण | उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|---|
| शेयरधनीहरु | कुल संख्या : ३९ | शेयरधनीहरु<br>१६ जना (५ जना संचालक समेत) स्वयं | |
| | ३९ जना | प्रोक्सी १० जनाको | ७१.७८ प्रतिशत |
| शेयर संख्या | ७ लाख कित्ता | जम्मा उपस्थिति २६ जना | |

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

यस कम्पनीको प्रथम बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता ७ लाख मा ५ लाख २ हजार ५ सय कित्ता शेयरको प्रतिनिधित्व हुने गरी जम्मा ३९ शेयरधनीहरु मध्ये १६ जना शेयरधनीहरुको स्वयं र १० जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि बैधानिकताको एकिन** :

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको प्रथम बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २६ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ७१.७८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले प्रथम बार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि बिहानको १०:०० बजे अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूको अध्यक्षतामा वित्तीय संस्थाको प्रथम बार्षिक साधारण सभा शुरु भयो ।

८. **बार्षिक साधारण सभाको प्रस्तुति** :



आशा

१. सभाका अध्यक्षज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाटन पश्चात वहाँकै अनुमतिले सभाको काम कारवाही शुरु गरियो।

२. अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गर्नुभयो।

३. त्यस पछि अध्यक्षज्यूले आ.व.२०७३/७४ को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो।

९. **छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व. २०७३/७४ को प्रतिवेदन, २०७४ आषाढ मसान्त सम्मको वासलात, सोही मितिमा समाप्त आ.व. २०७३/७४ को नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री ध्रुव कुमार श्रेष्ठ
२. श्री ऋषिराम गौतम
३. डा. आत्माराम घिमिरे

११. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री ध्रुव कुमार श्रेष्ठ

बार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार बैंकबाट लिइएको सापटीको अंश लगानीमा रहिरहेको कर्जाको ९५ प्रतिशत देखिएको छ। हाल बैंक तथा वित्तीय संस्थाहरुको व्याजदर वृद्धि भइरहेको अवस्थामा संस्थाको नोक्सान अझ बढ्दै जाने हो कि ? सदस्यहरुबाट निक्षेप संकलनलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ। यसका निम्ति व्यवस्थापनको योजना कस्तो छ ?

२. श्री ऋषिराम गौतम

लघुवित्त क्षेत्रमा हाल देखिएको अवस्थालाई दृष्टिगत गर्दा संस्थाले लगानीमा अक्रामकता नदेखाई जोखिमरहित ढंगबाट गर्नुपर्ने देखिन्छ। यसले गर्दा संस्थाको लगानी सुरक्षित भई लगानीकर्ताहरुलाई चाँडो प्रतिफल दिनसक्ने अवस्था आउँछ। साथै पूँजी पर्याप्ततालाई पनि गम्भीररुपले अनुगमन गर्नुपर्ने देखिन्छ।

३. डा. आत्माराम घिमिरे

संस्थाको नाफा वृद्धिका निमित्त Spread Rate वृद्धि गर्नुपर्ने देखिन्छ। यसका निम्ति संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई संख्यात्मक भन्दा गुणात्मक व्यवसाय वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमी, कमजोरी उपर अध्यक्षज्यूले धन्यवाद दिदै उक्त कमी कमजोरीहरुलाई मध्यनजर गर्दै आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो। शेयरधनी महानुभावहरुले उठाउनु भएको निक्षेप संकलनको विषयमा अध्यक्षज्यूले आ.व. २०७३।७४को अन्त्य सम्ममा संस्थाको निक्षेप संकलन अनुपात लगानीमा रहिरहेको कर्जाको ९.५ प्रतिशत रहेकोमा हाल १५ प्रतिशत भन्दा बढी रहेको र चालू आ.व.को अन्त्य सम्ममा यो अनुपात २१ प्रतिशत

आशा

पुऱ्याउने लक्ष रहेको जानकारी दिनुभयो । यसरी क्रमशः निक्षेप संकलनलाई वृद्धि गर्दै कर्जा तथा सापटीसँगको निर्भरता घटाउँदै लाने योजना रहेको समेत जानकारी गराउनुभयो । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । संस्थाले स्थापना गरेका शाखा कार्यालयहरु पनि ज्यादै न्यून खर्चमा स्थापना गरेको तथ्यलाई समेत अध्यक्षज्यूले स्मरण गर्नुभयो । अध्यक्षज्यूले चालू आर्थिक वर्षमा लगानीकर्ताहरुलाई प्रतिफल दिन नसकेपनि आगामी आर्थिक वर्षको अन्त्यसम्ममा भने केही प्रतिफल प्रदान गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

१३. **वार्षिक साधारण सभाको निर्णय :**

(क) **सामान्य प्रस्तावहरु :**

१. **संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको आ.व. २०७३।७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रथम बार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७३/७४ को संचालक समितिको प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७४ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७३।७४ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरिक्षकको आ.व.२०७३/७४ को लेखापरीक्षण प्रतिवेदन सहित २०७४ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनुसुचीहरु सहितको वित्तीय विवरण माथि छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गरी पारीत गरियो ।

३. **आर्थिक वर्ष २०७२/७३ तथा २०७३/७४ मा संचालक समितिको निर्णयबाट नियुक्त बाह्य लेखापरीक्षकलाई प्रदान गरिएको पारिश्रमिक तथा अन्य सुविधाहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

संचालक समितिको मिति २०७३ श्रावण ३१ गते बसेको १३औं बैठकबाट नियुक्त बाह्य लेखापरीक्षक श्री आर.पी.बी. एण्ड एशोसिएट्सलाई आर्थिक वर्ष २०७२/७३ को लेखापरीक्षण गरेबापत पारिश्रमिक कर सहित रु.४५,२००।- तथा संचालक समितिको मिति २०७३ आश्विन १३ गते बसेको १६औं बैठकबाट आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण बापत पारिश्रमिक कर सहित रु.४५,२००।- र कर परीक्षण शुल्क बापत रु.२२,६००।- एवं अन्य खर्चहरु बापत रु. १,५२,०२८।- गरी जम्मा रु. २,६५,०२८।- प्रदान गरिएकोमा यसलाई अनुमोदन गर्न अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७४/७५ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७४ कार्तिक २९ गते बसेको चौथो बैठकले गरेको सिफारिस बमोजिम के.जे. एण्ड एशोसिएट्सलाई लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा



आशा

कर परीक्षण बापत पारिश्रमिक कर सहित रु. १,३५,०००।- (रुपैयाँ एक लाख पैतिस हजार मात्र) निर्धारण गर्ने र अन्य खर्चहरु लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी पारित गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

५. **आर्थिक वर्ष २०७३।७४ मा संचालक समितिका सदस्यहरुलाई प्रदान गरिएको बैठक भत्ता तथा अन्य खर्चहरु अनुमोदन गर्ने सम्बन्धमा ।**

संस्थाको नियमावली, २०७२ को दफा ३२को उपदफा १(ख) बमोजिम संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई उपलब्ध गराइएको बैठक भत्ता बापतको रु.४,१२,०००।-(रु. चार लाख बाह्र हजार मात्र) तथा अन्य खर्च रु. १६,६६१।- (सोह्र हजार छ सय एकसट्ठी मात्र) गरी जम्मा रु. ४,२८,६६१।- (चार लाख अट्ठाइस हजार छ सय एकसट्ठी मात्र) तथा संस्थाको मिति २०७३ मंसीर २३ गते बसेको संचालक समितिको १९औं बैठकले संचालक समितिका अध्यक्ष तथा संचालकबाट संस्थाको कामको सन्दर्भमा भ्रमण गर्दा बढीमा दैनिक खर्च रु.४,०००।-(रु. चार हजार मात्र) उपलब्ध गराउने तथा उक्त खर्च प्रथम साधारण सभाबाट समर्थनका लागि पेश गर्ने निर्णय गरेको हुँदा सो बापत भएको जम्मा खर्च रु. १,१५,०८५।- (रु. एक लाख पन्ध्र हजार पचासी मात्र) गरी संचालक समितिका अध्यक्ष तथा संचालकहरुलाई उपलब्ध गराइएको बैठक भत्ता, भ्रमण भत्ता तथा अन्य खर्च जम्मा रु. ५,४३,७४६।- (पाँच लाख त्रिचालिस हजार सात सय छयालिस मात्र) अनुमोदन गर्न अध्यक्षज्यूले गर्नुभएको प्रस्ताव सर्वसम्मतबाट पारित गरियो ।

६. **संस्थाको विनियमावली २०७२ को दफा २७ को उपदफा ८ बमोजिम गठित संचालक समितिको पदावधि प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि मात्र रहेकोले यस साधारण सभाबाट संस्थापक समूहको ४ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।**

बैंकको नियमावली २०७२ को दफा २७ अनुसार प्रथम बार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरूको तर्फबाट ४ जनाको प्रतिनिधित्व हुने गरि ४ बर्षको कार्यकालका लागि देहाय बमोजिमका संस्थापक शेयरधनीहरू सञ्चालक समिति सदस्यमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृत श्री भीमसेन बन्जाराले सभा समक्ष जानकारी गराउनु भयो ।

| शेयरधनीको नाम | पद (संचालक समिति) |
|---|---|
| १. श्री रामेश्वर सापकोटा | - संचालक |
| २. श्री निर्गुण प्रसाद भट्टचन | - संचालक |
| ३. श्री प्रदीप कुमार खड्का | - संचालक |
| ४. श्री हेमन्त पौडेल | - संचालक |

७. **संचालक समितिको निर्णय बमोजिम संस्थाको कुल जारी पूँजी रु. १०,००,००,०००।- (रु. दश करोड) मध्ये सर्वसाधारण समूहका लागि छुट्याइएको ३० प्रतिशतका दरले हुन आउने रु. ३,००,००,०००।- (रु. तीन करोड) बराबरको ३,००,००० कित्ता शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव पारित गर्न पेश गर्ने, साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

संचालक समितिको २०७४ कार्तिक २४ गते बसेको ३८औं बैठकको निर्णय बमोजिम अध्यक्षज्यूले संस्थाको कुल जारी पूँजी रु. १०,००,००,०००।- (रु. दश करोड) मध्ये सर्वसाधारण समूहका लागि छुट्याइएको ३० प्रतिशतका दरले हुन आउने रु. ३,००,००,०००।- (रु. तीन करोड) बराबरको को ३,००,००० कित्ता शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश गर्नुभएको हुँदा



आशा

यस प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

ख) **विशेष प्रस्तावहरु:**

१) **वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

(क) नेपाल सरकारद्वारा स्थानीय तहको संरचना परिवर्तन गरिएको हुनाले संस्थाको प्रबन्ध पत्र, २०७२ को दफा २(१) मा उल्लेख गरिएको "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला मदानपुर गा.वि.स. वडा नं ८, रहनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला ककनी गाउँपालिका वडा नं ६ मा रहनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(ख) संस्थाको व्यवसायको दायरा अभिवृद्धि गर्ने तथा सदस्यहरुलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले संस्थाको प्रबन्ध पत्र, २०७२ को दफा ५ मा उपदफा (न) थप गरी **"बिमा सम्बन्धी क्रियाकलापका निम्ति प्रचलित कानून अनुसार बिमा अभिकर्ताका रुपमा कार्य गर्ने"** भन्ने व्यवस्था थप गर्ने निर्णय गरियो ।

(ग) नेपाल सरकारद्वारा स्थानीय तहको संरचना परिवर्तन गरिएको हुनाले संस्थाको नियमावली, २०७२ को नियम २ मा उल्लेख गरिएको "यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला मदानपुर गा.वि.स. वडा नं ८, रहनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय नुवाकोट जिल्ला ककनी गाउँपालिका वडा नं ६ मा रहनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(घ) कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा २ अनुसार "महिला शेयरधनी रहेको पब्लिक कम्पनीको संचालक समितिमा कम्तीमा १ जना महिला संचालक हुनुपर्नेछ ।" भन्ने व्यवस्था थप गरिएको हुँदा संस्थाको नियमावली, २०७२ को नियम २७ को उपनियम २ मा रहेको व्यवस्था "यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरु बाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।" लाई संशोधन गरी **"यस वित्तीय संस्थामा एक महिला सहित ७ जनाको संचालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरु बाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् ।"** भन्ने व्यवस्था उल्लेख गर्ने निर्णय गरियो ।

२. **वित्तीय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रवन्धपत्र तथा विनियमावलीमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) **विविध:**

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गरिरहनु पर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको निर्णय गरियो ।



आशा

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस प्रथम वार्षिक साधारण सभामा सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको छ । आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, श्री कम्पनी रजिष्ट्रारको कार्यालयका प्रतिनिधिज्यू, लेखापरीक्षक, वित्तीय संस्था संचालनको क्रममा सहयोग गर्ने सम्पूर्ण नियमनकारी निकायहरु, पत्रकार, व्यवस्थापन लगायत उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गरी सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| बद्री प्रसाद दुलाल | राम बहादुर पाण्डे |
| कम्पनी सचिव | अध्यक्ष |

संस्थाको छाप : आशा

मिति : २०७४ मंसीर २३ गते शनिवार